# कक्षा सातमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन


शोधार्थी

भिमकुमारी योङ्हाङ

परीक्षा क्रमाङ्क :२०३०००३ (२०७१)

त्रि.वि. दर्ता नं.: ९-२-८३२-३-२००९

क्याम्पस क्रमाङ्क : ०८ (२०७०)


त्रिभुवन विश्वविद्यालय,शिक्षाशास्त्रसङ्काय, नेपाली भाषाशिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको निम्ति प्रस्तुत

## शोधपत्र


पाँचथर बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

फिदिम,पाँचथर

सन् २०१८ (वि.सं.२०७५)

# कृतज्ञता ज्ञापन

नेपाल बहुजाति, बहुभाषी राष्ट्र हो । यहाँका सम्पूर्ण जातिको आफ्नो पहिचान नै भाषा, लिपि र संस्कार संस्कृति हो । नेपालमा बसोबास गर्ने नेपालीहरुको स्तरीय मानक भाषाका रुपमा नेपाली भाषालाई लिने गरिन्छ । जसलाई अन्य भाषीले दोस्रो भाषाको रुपमा नेपाली सिक्ने क्रममा विविध त्रुटि गर्ने गर्दछन् । लिम्बू भाषीले नेपाली भाषालाई दोस्रो भाषाका रुपमा सिक्ने गर्दछन् । त्यसै सिलसिलामा त्रुटि गर्ने गर्दछन् र त्यसैलाई समस्याका रुपमा लिई प्रस्तुत शोधपत्र तयार पारेकी छु । कुनै पनि कुरालाई स-प्रमाण खोज अनुसन्धान गर्नु कठिन कार्य हो । तसर्थ शोधकार्य आफैँमा गहन जटिल र कठिनताको विषय मानिन्छ । कुनै कुरालाई खोजेर तथ्य उद्घाटन गर्नका लागि चाहिने योग्यता, क्षमता र कठोर परिश्रम तथा उक्त कार्यमा आउने यावत् आर्थिक, भौतिक, मानसिक र धैर्यतामा रही कार्य गर्नुपर्ने कुराको यथार्थ अनुभव यस कार्यमा प्राप्त भएको छ । नेपाली भाषा शिक्षणको क्रममा विद्यार्थीले आफ्नो मातृभाषा र दोस्रो भाषाको भिन्न चरणमा रही लिम्बू मातृभाषी विद्यार्थीहरुको वाक्यगठनमा गर्ने त्रुटिहरु पहिल्याउने काम शोधकर्तालाई कठिन भएतापनि कडा परिश्रम र मिहेनतका साथ यो शोधपत्र तयार पारेकी छु ।

प्रस्तुत**कक्षा सातमा अध्ययनरत लिम्बू भाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको नेपा.शि. ५९८ को आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको छ । यस अवस्थासम्म आइपुग्न आफ्नो विविध कार्य व्यस्ताको बाबजुद मलाई शोधकार्यमा अतुलनीय योगदान पुऱ्याउन सधैँ प्रेरणा दिई निर्देशन दिनुहुने शोध निर्देशक पाँचथरका क्याम्पसका सहा.प्राध्यापक खड्गनारायणआङ्देम्बेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै पाँचथर बहुमुखी क्याम्पस प्रमुख खेमनाथ खतिवडा, प्राध्यापक, गुरुवर्गहरु, कर्मचारी एवम् सम्पूर्ण सहपाठीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मेरो जीवनमा विद्यारुपी ज्ञानको ढोका खोली उज्यालो ज्योति छरी यहाँसम्म पुऱ्याउन विविध आर्थिक, व्यावहारिक समस्याहरुसँग संघर्ष गर्दै अमूल्य श्रम र पसिना बगाउँदै सहज वातावरण सिर्जना गरी पठन यात्रामा खर्चिनु हुने प्रेरणाकापुञ्ज श्रद्धेय पिता

श्री यामबहादुर योङ्हाङ र माता धनमाया इजमप्रति आजीवन ऋणी छु । यस शोधकार्यमा आएका चुनौति र समस्याहरुलाई सहज रुपमा सामना गरी आवश्यक सहयोग गरिदिने मेरो जीवन साथी अर्जुन आङ्बुहाङ, छोरी क्रान्ति आङ्बुहाङ र यस कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मेरा परिवारका सदस्य आवश्यक सामग्री सङ्कलन गर्न सहयोग गर्ने साथीहरु, विद्यालय तहदेखि हालसम्म अध्यापन गराउने मेरा सम्पूर्ण गुरुवर्गहरु साथै शोधपत्रलाई पूरा गर्न अध्ययन क्षेत्रभित्र छनोटमा परेका ६ वटा विद्यालयका सम्पूर्ण विद्यालय परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा यस शोधपत्रका लागि आवश्यक सल्लाह दिदैं कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने सुमन बराल तथा सम्पूर्ण सम्पादन कार्य गरी अन्तिम रुप दिनुहुने करुणा छापाखाना एन्ड विविध सप्लायर्सका प्रोपाइटर सागर खनाल (सुस्केरा) लाई विशेष धन्यवाद दिदैं प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभागसमक्ष पेश गर्दछु ।

**शोधार्थी**

**भिमकुमारी योङ्हाङ**

# शोधसार


शोधशीर्षक :कक्षा सातमा अध्ययनरत लिम्बू भाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन

शोधार्थी : भिमकुमारी योङ्हाङ

शोध निर्देशक : सहा.प्रा.खड्गनारायण आङ्देम्बे

विभाग/क्याम्पस :त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय,नेपाली भाषा शिक्षा विभाग, पाँचथर बहुमुखी क्याम्पस, फिदिम, पाँचथर


अध्याय : पाँच

पृष्ठ सङ्ख्या :१७+५९


**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग एम.एड. नेपा.शि. ५९८ पाठयांश प्रयोजनका लागि तयार पारिएको हो । यस अध्ययनको मुख्य उद्देश्य ताप्लेजुङ जिल्लाको आधारभूत तहका कक्षा सातमा अध्ययनरत लिम्बू भाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन शीर्षकमा त्रुटिको कारण पहिचान गर्दै उपयुक्त सुझाब दिनु रहेको छ । जसमा ताप्लेजुङ जिल्लाको आठराई त्रिवेणी र मैवाखोला गाउँपालिकाका छवटा सामुदायिक आधारभूत तहका कक्षा सातका विद्यार्थीहरुको नेपाली वाक्यगठन सम्बन्धी अध्ययन गरिएको छ । यो अध्ययनलाई पूरा गर्नका लागि सामग्री सङ्कलनका क्रममा ताप्लेजुङ जिल्लाका सबै विद्यालयलाई समेट्न नसकिने हुनाले ताप्लेजुङ जिल्लाको पश्चिम भागमा रहेका दुई गाउँपालिकाका जम्मा छवटा आधारभूत विद्यालयका ६० जना छात्रछात्रालाई नमुनाका रुपमा छनोट गरी प्राथमिक सामग्री सङ्कलन गरिएको छ । द्वितीय सामग्री स्रोतका रुपमा पाठ्यपुस्तक, पाठ्यक्रम, शोधपत्रहरु सम्बन्धी कार्यपत्र, विज्ञहरुको सुझाब तथा विविध पत्रपत्रिकाहरु रहेका छन् । लिङ्ग, वचन, पुरुष र आदरको आधारमा मात्र सीमित गरिएको यस अध्ययनलाई जम्मा पाँच अध्यायमा विभाजन गरी शीर्षक, उपशीर्षक चयन गरिएको छ ।

अध्याय एकमा **शोध परिचय**अन्तर्गत विषय, अध्ययन शीर्षक, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमाङ्कन तथा शोधपत्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा **पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अध्ययन** अर्न्तगत पूर्वकार्यको समीक्षाभित्र प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित पूर्व शोधपत्रको अध्ययन, विश्लेषण प्रक्रिया र निष्कर्षलाई राखिएको छ भने सैद्धान्तिक अध्ययनभित्र त्रुटि विश्लेषणको अध्ययन, उपयोगिता, वर्गीकरण प्रक्रिया पद्धति र नेपाली वाक्यगठनमा त्रुटि क्षेत्र अन्तर्गत लिङ्ग, वचन, पुरुष र आदरगत त्रुटि सम्बन्धि चर्चा गरिएको छ ।

अध्याय तिनमा **शोधविधि र प्रक्रिया** अर्न्तगत शोध विधि, जनसङ्ख्या र नमुना छनोट, नमुना छनोट प्रक्रिया, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन स्रोतभित्र प्राथमिक र द्वितीय स्रोत, सामग्री सङ्कलन प्रक्रिया, विश्लेषण प्रक्रिया प्रस्तुत गरिएको छ ।

अध्याय चारमा **व्याख्या र विश्लेषण** अर्न्तगत वाक्यगठनगत त्रुटिको विश्लेषण लिङ्गगत वाक्यगठनमा, वचनगत वाक्यगठनमा, पुरुषगत वाक्यगठनमा र आदरको आदरगत वाक्यगठनको आधारमा विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा **निष्कर्ष र सुझाब**मा सम्बन्धित विषयको सुझाब, निष्कर्ष, शैक्षिक प्रयोजन र भावी अनुसन्धानका अध्ययनका शीर्षकहरु समावेश गरिएको छ ।

यस अध्ययनको आधारमा निष्कर्ष बुदाँगत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) ताप्लेजुङ जिल्लामा बोलिने लिम्बूभाषा लिम्बू जातिको बसोबास रहेको ठाउँमा बोलिने भाषा हो ।

(ख) एक आपसमा गरिने भाषिक आदानप्रदान राम्रोसँग बुझाबुझ नभएपनि लिम्बू भाषानै स्थानीय परिवेश अनुसार प्रयोग गरेको र भाषाको विविधतालाई एकतामा ल्याउन प्रयास गर्नुपर्ने देखिन्छ ।

(ग) नेपालीको लिङ्ग, वचन, पुरुष र आदरको प्रयोग व्यवस्था नेपाली भाषाको व्याकरण व्यवस्थाभन्दा फरक पाइएको छ ।

(घ) नेपालीको लिङ्ग, वचन, पुरुष र आदरलाई आधारमानी नमुना छनोट गरिएका ६० जना विद्यार्थीहरुले वाक्यगठनमा गरेका त्रुटिलाई हेर्दा औसतमा ७५ प्रतिशत समस्याको रुपमा रहेको देखिन्छ ।

(ङ) आदर वाक्यगठनमा त्रुटि गर्ने विद्यार्थीहरु ८५ प्रतिशत रहेको छ । आदरका वाक्यमा कर्ता र क्रियापद बीच आदरार्थी वाक्य गठन नमिलाउँदा त्रुटि गरेको पाइन्छ ।

(च) वचन वाक्यगठनमा मातृभाषाको प्रभाव नेपाली भाषाको आन्तरिक कारण र विद्यार्थीहरको व्यक्तिगत क्षमताको कारण त्रुटि गरेको पाइयो ।

(छ) पुरुष वाक्यगठनमा ७० प्रतिशत विद्यार्थीहरुले त्रुटि गरेको देखिन्छ । प्रथम, द्वितीय र तृतीय पुरुषकर्ता र क्रियाको बिचमा तालमेल मिलाउन नसक्नुमा विशेष गरेर उनीहरुको मातृभाषाको प्रभाव र घरायसी वातावरणको प्रभाव परेको देखिन्छ ।

(ज) लिङ्ग व्यवस्थामा ६८ प्रतिशत त्रुटि पाइयो । भेदक र भेद्यबीच, विशेषण र विशेष्य बीच, कर्ता र क्रियापद बीच वाक्यगठन नमिलाएर त्रुटि गरेको पाइयो । उक्त त्रुटि मातृभाषाको प्रभाव अन्तरभाषिक कारण र शिक्षणसँग सम्बन्धित कारणहरु मुख्य रुपमा रहेका छन् ।

# विषय सूची

## अध्याय एक

## शोध परिचय


| क.सं. शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको औचित्य | ३ |
| १.५अध्ययनको सीमाङ्कन | ४ |
| १.६ शोधपत्रको रुपरेखा | ५ |


## अध्यायदुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अध्ययन


| | |
|---|---|
| २.१ पूर्वकार्यको समीक्षा | ६ |
| २.२ सैद्धान्तिक अध्ययन | ८ |
| २.२.१ त्रुटि विश्लेषण उपयोगिता | ९ |
| २.२.२ त्रुटिको वर्गीकरण | ९ |
| २.२.२.१ विकाशीलताका आधारमा | ९ |
| २.२.२.२ स्रोतका आधारमा | १० |
| २.२.२.३ भाषाकोटिको आधारमा | १० |
| २.२.२.४ गम्भीरताका आधारमा | १२ |
| २.२.२.५ व्यापकताको आधारमा | १२ |
| २.२.२.६ स्वरुपको आधारमा | १२ |
| २.२.३ त्रुटि विश्लेषण प्रक्रिया | १३ |
| २.२.४ त्रुटि विश्लेषण पद्धति | १४ |
| २.२.५ नेपाली वाक्यगठनगत त्रुटि | १४ |

## अध्याय तीन

## शोधविधि र प्रक्रिया

३.१शोध विधि १७

३.२ जनसङ्ख्या र नमुना छनोट १७

३.३ नमुना छनोट प्रक्रिया १८

३.४ सामग्री निर्माण १८

३.५ तथ्याङ्क सङ्कलन स्रोत १९

३.६ त्रुटिको वर्गीकरण विधि २०

३.७विश्लेषण प्रक्रिया २०

## अध्याय चार

## व्याख्या रविश्लेषण

४.१ विषय परिचय २१

४.२ लिङ्गका आधारमा वाक्यगठनगत त्रुटिको अध्ययन २१

४.२.१ ताप्लेजुङ जिल्लाको लिम्बूभाषी विद्यार्थीले नेपाली भाषाका लिङ्गगत वाक्य गठनमा गर्ने त्रुटिका कारण २६

४.३ लिङ्गका आधारमा वाक्यगठनगत त्रुटिको निराकरण २७

४.४ निष्कर्ष २८

४.५ वचनका आधारमा वाक्यगठनगत त्रुटिको अध्ययन २९

४.५.१ ताप्लेजुङ जिल्लाको लिम्बूभाषामा रहेको वचनगत वाक्य गठन व्यवस्था २९

४.५.२ ताप्लेजुङ जिल्लाको लिम्बूभाषी विद्यार्थीहरुले नेपाली भाषाका वचनगत वाक्यगठनमा गर्ने त्रुटिका कारण ३४

४.६ वचनका आधारमा वाक्यगठनगत त्रुटिको निराकरणको उपाय ३६

४.७निष्कर्ष ३६

४.८ आदरका आधारमा वाक्यगठनगत त्रुटिको अध्ययन ३७

४.८.१ लिम्बू मातृभाषामा रहेको आदरार्थी वाक्यगठन व्यवस्था ४१

४.८.२ ताप्लेजुङ जिल्लाका लिम्बूभाषी विद्यार्थीहरुले नेपाली आदरार्थी वाक्यगठनमा गर्ने त्रुटिका कारण ४२

४.९ आदरगत वाक्यगठनमा त्रुटिको निराकरण ४४

४.१० निष्कर्ष ४४

४.११ पुरुषका आधारमा वाक्यगठनगत त्रुटिको अध्ययन ४४

४.११.१ लिम्बू भाषामा रहेको पुरुषगत वाक्यगठन व्यवस्था ४७

४.११.२ ताप्लेजुङको लिम्बू भाषी विद्यार्थीहरुले स्तरीय नेपाली पुरुष वाक्य गठनमा गर्ने त्रुटिका कारण ४९

४.१२ पुरुषगत वाक्यगठनमा त्रुटिको निराकरण ५१

४.१३निष्कर्ष ५२

४.१४ समग्र अध्ययनको आधारमा त्रुटिको विश्लेषण ५२

४.१५ अध्ययनको आधारमा त्रुटिको निराकरण ५३

४.१६निष्कर्ष ५४

अध्याय पाँच

निष्कर्ष र सुझाब

५.१ निष्कर्ष ५५

५.२सुझाब ५६

५.३शैक्षणिक प्रयोजन ५८

५.४ भावी अध्ययनका शीर्षक ५९

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# तालिका सूची


| क.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका नं. १: | छनोटमा परेका विद्यार्थीहरुको विवरण | १८ |
| तालिका नं. २: | सामग्री निर्माण | १९ |
| तालिका नं. ३: | नेपाली भाषामा लिङ्ग सम्बन्धी वाक्य | २२ |
| तालिका नं. ४: | त्रुटियुक्त र त्रुटिरहित लिङ्ग सम्बन्धी वाक्य | २३ |
| तालिका नं. ५ : | लिङ्गगत त्रुटि विवरण तालिका | २४ |
| तालिका नं. ६: | नेपाली भाषा र लिम्बू भाषाको वचन व्यवस्था | २९ |
| तालिका नं. ७: | ताप्लेजुङ जिल्लाको लिम्बू भाषामा वचन व्यवस्था | ३० |
| तालिका नं. ८: | त्रुटि र त्रुटिरहित वचन सम्बन्धी वाक्य | ३१ |
| तालिका नं. ९: | वचनगत वाक्यगठनगत विवरण | ३२ |
| तालिका नं. १०: | नेपाली भाषाका वचनगत वाक्य | ३५ |
| तालिका नं. ११: | त्रुटियुक्त र त्रुटिरहित आदर सम्बन्धी वाक्य | ३८ |
| तालिका नं. १२: | आदर वाक्य गठनगत त्रुटि विवरण | ३९ |
| तालिका नं. १३: | त्रुटियुक्त र त्रुटिरहित पुरुष सम्बन्धी वाक्य | ४५ |
| तालिका नं. १४: | पुरुष सङ्गतिमा त्रुटि विवरण | ४६ |
| तालिका नं. १५: | नेपाली र लिम्बू भाषामा रहेको पुरुष वाक्यगठन व्यवस्था | ४८ |
| तालिका नं. १६: | अध्ययनको वाक्य गठनगत त्रुटि विवरण | ५३ |

# सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रुप | | पूर्ण रुप |
|---|---|---|
| उप प्रा. | : | उप-प्राध्यापक |
| क्र.स. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| न. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| पृ.स. | : | पृष्ठ सङ्ख्या |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मि. | : | मिनेट |